वालिङ नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**गह्रौं प्राथमिक अस्पताल**
वालिङ, स्याङ्जा

## अत्यावश्यक औषधी तथा सर्जिकल सामान खरिदको सिलबन्दी दरभाउपत्रको सूचना

शिलबन्दी दरभाउपत्र नं. ०१/ 080-081

**प्रथम पटक प्रकाशित मिति: २०८१।०२।२१**

यस गह्रौं प्राथमिक अस्पतालमा आ.ब. ०८१।०८२ को लागी आवश्यक पर्ने औषधी एंव सर्जिकल , ल्याब, यु.एस.जी , डेण्टल, एक्सरे, विल, रिपोर्ट छपाई तथा प्रिन्ट ,स्टेशनरी र सरसफाई सम्बन्धी सामानहरु सिलबन्दी दरभाउपत्रद्धारा खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । निम्नानुसार तोकिएको शर्तहरुको अधिनमा रहि दरभाउपत्रमा भाग लिन ईच्छुक नेपाली नागरिक, फर्महरुले दरभाउपत्र पेश गर्नुहुन यो ३५ दिने सूचना प्रकाशित गरिएको छ ।

१. दरभाउपत्र फाराम माग गर्दा मू.अ.कर दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र, संस्था तथा कम्पनी दर्ता प्रमाण पत्र, ब्यवसाय दर्ता प्रमाण पत्र, ब्यवसायिक प्रमाण पत्र नविकरण भएको प्रमाण पत्र र कर चुक्ता प्रमाणहरुको प्रमाणित प्रतिलिपी संलग्न गरि रु. १०।- को टिकट टासी निबेदन दिनुपर्ने छ ।
२. दरभाउपत्र फाराम रु. १०००।०० (एकहजार) पछि फिर्ता नहुने गरि तिरि यस गह्रौं प्राथमिक अस्पतालबाट यो सूचना प्रकाशित भएको मिति देखि ३५ दिन भित्र कार्यालय समयमा खरिद गर्न सकिनेछ ।
३. खरिद भएका दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ३५ औ दिन को ५ बजे भित्र रितपूर्वक सहिछाप गरिएको शिलबन्दी दरभाउपत्र यस अस्पतालमा दर्ता गराई सक्नु पर्नेछ । दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु लगतै अस्पतालका कर्मचारी प्रतिनिधी र दरभाउपत्रवाला वा निजको प्रतिनिधीको उपस्थितीमा यस अस्पतालमा खोलिने छ । शिलबन्दी दरभाउपत्रवाला वा निजको प्रतिनिधिको उपस्थिती नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
४. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन तथा दर्ता गर्ने दिन सार्बजनिक बिदा परेमा त्यसको भोलि पल्ट वा कार्यालय खुलेको दिन खरिद तथा दर्ता गर्न सकिने छ ।
५. दरभाउपत्र फाराममा मू.अ.कर बाहेकको दररेट अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ ।
६. कुनैपनि दरभाउपत्र आसिंक वा पूर्णरुपले स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने वा दरभाउपत्र आईटम वाईज वा प्याकेजमा प्रतिस्पर्धा हुने भन्ने निर्णय गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ ।
७. रित नपुगि वा म्याद नाघि वा शिलबन्दी नभई आएका दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।
८. दरभाउपत्रदाताले कबोल गरेको रकमबाटै यस कार्यालयको स्टोरमा औषधी तथा सर्जिकल सामानहरु बुझाउनुपर्नेछ । बोपत्रदाताले कबोल गरेको मूल्य बाहेक अन्य कुनै खर्च अस्पतालबाट व्यहोरिने छैन् ।
९. सम्झौता अबधि भर कुनै मूल्यबृद्धि दिईने छैन ।
१०. पेश हुने औषधी तथा सर्जिकल सामानहरु उत्पादक कम्पनी WHO, ISO, GMP सर्टिफाईड हुनुपर्नेछ ।
११. उपयुक्त बुदाहरुमा उल्लेख नभएका कुरा वा शर्तहरुको हकमा प्रचलित आर्थिक कार्यबिधी ऐन, सार्वजनिक खरिद ऐन २०६३ र सार्बजनिक खरिद नियमावलि २०६४ अनुसार हुने छ ।
१२. यस सम्वन्धमा थप जानकारी आवश्यक परेमा यस अस्पतालको फोन नं. ०६३४४११८८ मा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ ।

अस्पताल प्रमुख
गह्रौं प्राथमिक अस्पताल
वालिङ

कार्यालय प्रमुख